# धैंवुगं गा.वि.स.वडा नं १ रसुवा जिल्ला निवासी कुमार नेपालीको काभ्रे जिल्लाको धुलीखेल कारागारमा रहस्यमय हत्या (मृत्यु) सम्वन्धी स्थलगत अध्ययन प्रतिवेदन

**२०६९ पौष १८ देखी २०**



प्रतिवेदन सार्वजनिक मिति २०६९ पौष २४ गते


**प्रतिवेदक**

**बिनोद पहाडी ( पुर्व सभासद) - संयोजक**

**खिम वहादुर विश्वकर्मा ( उपाध्यक्ष , उपेक्षित उत्पीडित र दलित वर्ग विकास समिति) - सदस्य**

**भक्त विश्वकर्मा (अध्यक्ष, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ)- सदस्य**

**रेम विश्वकर्मा (अध्यक्ष, जागरण मिडिया सेन्टर)- सदस्य**

**अर्जुन बगाले (कानुनी सल्लाहकार,दलित गैसस महासंघ) - सदस्य**

**बद्री प्रसाद भुसाल (कानुन अधिकृत, एडभोकेसी फोरम नेपाल) -सदस्य**

# धैंवुगं गा.वि.स.वडा नं १ रसुवा जिल्ला निवासी कुमार नेपालीको काभ्रे जिल्लाको धुलीखेल कारागारमा रहस्यमय हत्या मृत्यु सम्वन्धी स्थलगत अध्ययन प्रतिवेदन

## १. पृष्ठभूमि

काभ्रे कारगारमा थुनामा रहेका रसूवा जिल्ला धैंवङ्ग गा.वि.स.वडा नं १ निवासी कुमार नेपालीको काभ्रे जिल्लाको कारागार भित्रै रहस्यमय हत्या (मृत्यु) भएको सम्वन्धमा राजनितिक दलका दलित भातृसंगठनका प्रतिनिधिहरु, दलित नागरिक समाजका प्रतिनिधिहरु, मानव अधिकारवादी संघ संस्थाहरु एवं पत्रकारहरु समेतको ध्यानाकर्षण भई संयुक्त वैठक वसि मिति २०६९ पौष १६ गते पुर्व सभासद मा.बिनोद पहाडीज्युको सयोजकत्वमा ६ सदस्यि छानविन समिति गठन गरि घटनाको सत्य तथ्य पत्ता लगाई प्रतिवेदन सार्वजनिक गर्ने ।

रसुवा जिल्ला धैंवुङ्ग गा.वि.स.वडा नं १, ईटपारे निवासी मुरली नेपालीको पाचौ सन्तान माईला भन्ने कुमार नेपाली को परिवार वर्षौ देखि सो स्थानमा गर्दै आईरहेका छन । निजहरुको अवस्था एकदमै नाजुक रहेको छ पुस्तौ देखी हालसम्म सुकुम्वासी भई ज्याला मजदुरी गरि जिवन निर्वाह गर्दै आईरहेका छन । मुरली नेपालीको नाजुक आर्थिक समस्याका कारण माईला भन्ने कुमार नेपाली लगायत घरका अन्य छोराछोरीले समेत स्कुलको मुख देख्न समेत पाएका रहेनछन । कुमार नेपाली पनी सानै देखी अरुको भारी वोक्ने, ज्यालादारीमा  काम गर्दै आईरहेको थियो र गाउ घर र परिवारका अनुसार दुई तिन वर्ष देखी गाउघरमा सामान्य चोरी समेत गर्दै आईरहेको थियो । त्यसै क्रममा अन्दाजी डेढ वर्ष अगाडी २०६८ सालमा आफनै छिमेकी गोपी प्रसाद न्यौपानेको घरको झयाल फुटाई करिव विहान ४ वजेतिर टिनको वाक्सा सहित नगद रु ३८५५। र सो वाक्सा भित्र भएको अन्दाजी आधा तोला जतिको तिलहरी एक थान, खुकुरी एक थान र साधारण क्यामेरा चोरेको आरोपमा कालिकास्थान प्रहरी चौकीले पक्राउ गरी जिल्ला प्रहरी कार्यलयमा रसुवामा बझाएको । निज कुमार नेपालीलाई उल्लेखित चोरीको आरोपका अतिरिक्त थप चारवटा  चोरीको  मुद्धा लगाई जिल्ला अदालत रसुवाले डेढ वर्षको जेल सजाय र एक लाख  पच्चिस हजार रुपैया जरिवाना गरेको र जरिवाना वापत कैद नै बस्नुपर्ने गरि फैसला गरेको ।

जेल सजाय भोग्दै आएका कुमार नेपाली पछिल्लो केहि दिन देखी जेलभित्रै असमान्य ब्यवहार गर्दै आईरहेको र पुनरावेदन अदालत पाटनका माननिय न्यायाधिश श्री फणीन्द्र दत्त शर्माले गरेको जेलको अनुगमनको क्रममा पनि निजको असामान्य अवस्था ( एक्लै बरबराउने, सिरकको कपास च्यात्ने खाने आदी ) देखेपछि निज लाई स्वास्थ्य उपचार गर्नको लागी उपलब्ध चिकित्सकद्धारा परिक्षण  गराउने र निजलाई के कस्तो रोग लागेको हो सो को उपचार हुने कारागारमा स्थानान्तरण गर्ने ब्यवस्था मिलाउने भनि जिल्ला कारागार कार्यालय रसुवाको नाममा लिखित निर्देशन बमोजिम मिति २०६९ पुष ४ गते जिल्ला अस्पताल रसुवामा परिक्षणको लागी लगिएको र सो अस्पतालका चिकित्सकले  पनि उनको मानसिक समस्या देखेको हुनाले सो उपचारको लागी सम्वन्धित अस्पतालमा उपचारको लागी सिफारिस समेत गरेकोले रसुवा जिल्ला कारागारबाट उनको आवश्यक उपचारको लागी कारागार स्थानान्तरण गरी  २०६९ पौष ९ गते धुलिखेल कारागारमा पठाएको ।

धुलीखेल कारागारमा निजलाई स्थान्तरण गरे पश्चात उक्त कारागारका तिन वटा व्लकहरु मध्ये निजलाई विचको व्लक कोठा नं २० मा राखिएको रहेछ । सो व्लकमा जम्मा ३१ जना मानसिक रोगी भएका कैदी एंव थुनुवालाई राखिएको रहेछ । सो मध्ये दुई जना हरि सापकोटा र कुम वहादुर कामी

संग कुमार नेपाली लाई राखिएको रहेछ । २०६९ पौष ११ गते अन्दाजी ६ बजे बेलुकीको समयमा निज मृतक कुमार नेपाली र हरि सापकोटाको बीचमा सामान्य झगडा भई दुई जना विचमा हात हाला हाल एवं कुटाकुट हुदा कोठामा रहेको बाल्टिमा ठोकिन्न गई हरि सापकोटाको नाकबाट रगत बग्न गएको सोही रिसले निजले मुडा बुन्नेवेलामा आफनो बिछ्यौना मुनी लुकाएर राखेको फलामको सुइरो निकालेर निज कुमार नेपालीको छातीमा एक्कासी प्रहार गरी उक्त सुईरोलाई गाडीको गेयर जस्तै गरी हल्लाएँकोले मृतक छटपटायो, केहीछिन पछि पुनः दोस्रोपटक सुईरोले प्रहार गर्दा कुमार नेपालीको मृत्यु भएको रहेछ ।

**२. अध्ययनको उद्देश्य**

- घटनाको स्थलगत अध्ययन गरि सत्य तथ्य सहितको प्रतिवेदन सार्वजनिक गर्ने ।

**३. अध्ययन पद्धति**

- घटनाका सम्बन्धमा प्रारम्भिक तथ्य संकलन
- घटनाका सम्बन्धमा प्रकाशित सामग्रीको अध्ययन
- घटनास्थलको अवलोकन
- घटनाका पीडित, प्रत्यक्षदर्शी, प्रहरी, प्रशासन तथा अन्य सम्बन्धित संलग्न सरोकारवालाहरुलाई सोधपुछ गरि विवरण संकलन गर्ने ।

४. **अध्ययन अनुगमन टोली**

बिनोद पहाडी ( पुर्व सभासद) - संयोजक
खिम वहादुर विश्वकर्मा(उपाध्यक्ष,उपेक्षित उत्पीडित र दलित वर्ग उत्थान विकास समिति)- सदस्य
भक्त विश्वकर्मा (अध्यक्ष, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ)- सदस्य
रेम विश्वकर्मा (अध्यक्ष, जागरण मिडिया सेन्टर)- सदस्य
अर्जुन बगाले (कानुनी सल्लाहकार,दलित गैसस महासंघ) - सदस्य
बद्री प्रसाद भुसाल ( कानुन अधिकृत, एडभोकेसी फोरम) -सदस्य

५. **घटनाको संक्षिप्त विवरण** :.

- घटना मितिः २०६९/०९/११
- **घटना भएको समयः** करिब ९.०० वजे राति
- **घटना स्थलः** काभ्रे जिल्लाको धुलीखेल कारागार भित्र
- **घटना :** काभ्रे जिल्लाको धुलीखेल कारागार भित्रै रहस्यमय मृत्य (हत्या)

**<u>६.सरोकारवालाहरुको भनाई :</u>**

**पीडित पक्षको भनाई**

**<u>(क)मृतकका काका आईते राम नेपाली वर्ष ४६, मुतक का दाई शंकर स्यावा र छिमेकीहरुको भनाई :</u>**

मृतक माईला भनी वोलाउने कुमार नेपाली मेरो भतीजो हो । पक्राउ पर्दा करिव १४ वा १५ वर्षको हुदो हो ।उ मुनीको भाई हाल १३ वर्षको भयो उ भन्दा कुमार १८ महिनाले जेठो हो । कुमार गाउ घरमा सामान्य ज्यालादारी काम गर्दै आईरहेको थियो र गाउ घरमा साथीहरु सँग लागी सामान्य चोरी समेत गरेको

हामीहरुलाई जानकारी छ । सोही अनूरुप करिव अन्दाजी डेढ वर्ष अगाडी २०६८ सालमा आफनै छिमेकी गोपी प्रसाद न्यौपानेको घरको झयाल फुटाई करिव विहान ४ वजेतिर नगद रु ३८५५। टिनको वाक्सा र सो वाक्सा भित्र भएको अन्दाजी आधा तोला जतिको तिलहरी एक थान,खुकुरी एक थान र साधारण क्यामेरा एक थान चोरेको आरोपमा सुरुमा गोपी प्रसाद न्यौपानेले कुमार नेपालई नियन्त्रणमा लिई न्यौपानेको आफनै घर अगाडीको रुखमा करिव ४ घण्टाजती डोरीले वाधेको । नजिकैको वेत्रावती चौकीमा प्रहरीलाई खवर गरि आएका प्रहरीले कुमार लाई आफनो नियन्त्रणमा लिई नगद रुपैया सहित माथी उल्लेख गरिएका सामानहरु समेत घरको नजिकैवाट फेला पारेको हुनाले आफुसगै लिएर गएको र उक्त चौकीले कालिका स्थान चौकी हुदै धुन्चे जिल्ला प्रहरी कार्यलयमा लगी कारवाही अगाडी वढाएको र निजलाई दुई वर्षको जेल सजाय र रु एकलाख पच्चिस हजार जरिवाना छ भन्ने जानकारी पाएको । सो फैसला हुदा सम्म अदालत वा जिल्ला प्रहरी कार्यलयले समेत कुनै जानकारी नगराएको समेत वताए । अचानक २०६९ पौष १२ गते वेत्रावती प्रहरी चौकीवाट केहि प्रहरी आई कुमार नेपालीको मृत्यू धुलीखेल जेलमा भयो लास शिक्षण अस्पतालमा छ गई वुझनू भन्ने खवर पाएपछि हामी अचम्म परयौ कसरी धुलीखेल पुग्यो र कसरी मरयो भन्ने विषयमा हामीहरु अनविज्ञ छौ ।

**<u>(ख)चोरी मुद्धाका जाहेर वाला गोपी प्रसाद न्यौपाने को भनाई :</u>**

कुमार नेपाली ले मेरो घर वा पसलमा कहिले काहि ज्यालादारीको रुपमा समेत काम गर्थ्यो र उसलाई मेरो घरको वारेमा सामान्य जानकारी समेत थियो । उ गाउ घरमा पनि साना तिना चोरीहरु गर्दै हिड्थ्यो । अन्दाजी एक वर्ष भन्दा वढी भयो होला करिव विहान ४ वजे तिर मेरो घरको झयाल फुटाई घर भित्र प्रवेश गरि नगद रु ३८५५। टिनको वाक्सा र सो वाक्सा भित्र भएको अन्दाजी आधा तोला जतिको तिलहरी एक थान,खुकुरी एक थान र साधारण क्यामेरा एक थान चोरेको भन्ने कुरा मैले विहान तिर मात्रै थाहा पाए र कुमारले चोरयो होला भन्ने आशंकामा कुमारको घरमा गई कुमार लाई हप्काएर सोध्दा उसले हो मैले नै चारेकोहो भनी स्विकारेको र उसग रहेको नगद पनि फेला परेको अरु वाकी समान खै कहा गयो भनी हप्काउदा उसले नै मेरो घर नजिकैको बारीमा सामानहरु फालेको भनेको आधारमा प्रहरी हरुको उपस्थितिमा वाकी सामानहरु वरामद भएको हो त्यही अनुसार कुमार लाई प्रहरीले समातेर लगेको हो । त्यसपछि मलाई कहि कतै प्रहरी कार्यलय र अदालतवाट वोलावट आएन सहिछाप गरेको समेत छैन । २०६९ मंसिर २० गते रसुवा कारागारमा गई मैले गई भेटेको हु र रु ५० नगद र विस्कुट समेत किनेर दिएका थियौ । हामी उ सुर्धेर आएको हेर्न चाहन्थ्यौ तर अकस्मात । २०६९ पौष १२ गते निजको मृत्यु भएको खवर वेत्रावती प्रहरी चौकीका प्रहरीले मृतकको परिवारलाई सुचना दिन आउदा थाहा पाएको हु यो समाचारले मलाई दुखी तुल्याएको छ ।

**<u>बासुदेव घिमिरे (प्रमुख जिल्ला अधिकारी) र गौतम रिमाल (सहायक प्रमुख जिल्ला अधिकारी )रसुवा</u>**

कुमार नेपाली चोरीको मुद्धामा जेल सजाय भोगीरहेको थियो । पछिल्लो केहि दिन देखी जेलभित्रै असमान्य ब्यवहार गर्दै आईरहेको कुरा जेल प्रशासन मार्फत जानकारी पाएको हु । पुनराबेदन अदालत पाटनका माननिय न्यायाधिश श्री फणीन्द्रदत्त शर्माले गरेको जेलको अनुगमनको क्रममा पनि कुमारको असामान्य अवस्था ( एक्लै बरबराउने, सिरकको कपास च्यात्ने खाने आदी ) देखेपछि निज कुमारलाई स्वास्थ्य उपचार गर्नको लागी उपलब्ध चिकित्सकद्धारा परिक्षण गराउने र निजलाई के कस्तो रोग लागेको हो सो को उपचार हुने कारागारमा स्थानान्तरण गर्ने ब्यवस्था मिलाउने भनि जिल्ला कारागार कार्यालय रसुवाको नाममा लिखित निर्देशन बमोजिम मिति २०६९ पुष ४ गते जिल्ला अस्पताल रसुवामा परिक्षणको लागी लगिएको र सो अस्पतालका चिकित्सकले पनि उनको मानसिक समस्या देखेको हुनाले सो उपचारको लागी सम्बन्धित

अस्पतालमा उपचारको लागी सिफारिस समेत गरेकोले रसुवा जिल्ला कारागारबाट उसको आवश्यक उपचारको लागी कारागार स्थानान्तरण गरी २०६९ पौष ९ गते धुलिखेल कारागारमा पठाएका हौ ।

**सुदिप गिरी (प्रहरी नायव उपरिक्षक,.जिल्ला प्रहरी कार्यलय) रसुवा**

कारागार प्रशासन र जेलरका अनुसार कुमार नेपालीको अवस्था पहिलेको भन्दा अली असामान्य थियो र मैले पनि भेटदा अली बढी वोल्ने चाहिने नचाहिने कुराहरु वरवराउने र सुत्दा खेरी पनि अरु कैदी हरुलाई असर पार्ने गरि हल्ला गर्ने गरेको हुनाले पनि जिल्ला अस्पताल मा २०६९ मंसिर २० गते परिक्षणको लागी लगेको थियो । चिकित्सक वाट पनि मानसिक सन्तुलन ठिक नभएकोले हो या अन्य कारणले हो असामान्य नै देखिएको भनी सामान्य निद्रा लाग्ने औषधी ३ दिनको लागी दिएको थियो । पुनराबेदन अदालत पाटनका माननिय न्यायाधिश श्री फणीन्द्रदत्त शर्माले गरेको जेलको अनुगमनको क्रममा पनि कुमारको असामान्य अवश्था ( एक्लै बरबराउने, सिरकको कपास च्यात्ने खाने आदी ) देखेपछि निज कुमारलाई स्वास्थ्य उपचार गर्नको लागी उपलब्ध चिकित्सकद्धारा परिक्षण गराउने र निजलाई के कस्तो रोग लागेको हो सो को उपचार हुने कारागारमा स्थानान्तरण गर्ने ब्यवस्था मिलाउने भनि जिल्ला कारागार कार्यालय रसुवाको नाममा लिखित निर्देशन बमोजिम मिति २०६९ पुष ४ गते जिल्ला अस्पताल रसुवामा परिक्षणको लागी लगिएको र सो अस्पतालका चिकित्सकले पनि उनको मानसिक समस्या हुन सक्ने आशंका भएको हुनाले सो उपचारको लागी सम्बन्धित अस्पतालमा उपचारको लागी सिफरिस समेत गरेकोले रसुवा जिल्ला कारागारबाट उनको आवश्यक उपचारको लागी कारागार स्थानान्तरण गरी २०६९ पौष ९ गते धुलिखेल कारागारमा पठाएका हौ । उक्त कारागार स्थान्तरणका लागी जेल प्रशासन र हामीहरुले मिलेर कुमार नेपाली लाई पठाएका हौ । सो विषयको जानकारी कुमार नेपालीको परिवारलाई सुरक्षाका हिसावले जानकारी न गराएकै हो ।

**<u>केशव प्रसाद गौतम ( जिल्ला सरकारी वकिल)</u>**

म यस कार्यालयमा भर्खर मात्र आएको हु । यहाँको सबै बस्तुस्थिती बुझ्दै पनि छु । कुमार नेपालीको मृत्यूभयो भन्ने कुरापनि मैले भर्खर मात्र थाहा पाएँ । यो कुरा राम्रो भएन । कुनैपनि कारणले थुनामा भएका कैदी बन्दिको मृत्यू हुनुँ राज्यको कमजोरी नै हो । मैले आज तपाईहरु संग बसेर उसका बिरुद्धमा भएका मुद्धा को मिसिलहेर्दा ५ थान रहेछन । एउटा महेश प्रसाद न्यौपाने जाहेरवाला भएको मुद्धामा सफाई पाएको कारणले सो मुद्धा पुनराबेदनको लागी सिफरिस गरी पठाईएको छ । उसको तर्फबाट जिल्ला अदालतमा बहस गर्नको लागी बैतनिक वकिल राखीएको कुरा कागजात बाट देखिन्छ । उमेरको सम्बन्धमा संलग्न मिसिल कागजमा १९ बर्ष उल्लेख गरीएको रहेछ ।

**सानु किसि (जिल्ला कारागार जेलरको भनाई,) रसुवा**

कुमार नेपाली लाई सबैले माया नै गर्ने गर्थे र पछिल्लो समयमा केहिदिन देखी उसको अवस्था असामान्य देखिएको थियो । पुनरावेदन का न्यायधिस को अनुगमन पश्चात अझै असामान्य अवस्था देखिएको थियो । निजलाई जिल्लामा नै स्वास्थ्य परिक्षण गरिएको थियो त्यस पश्चात हामीहरुले थपउपचारका लागी यस रसुवा कारागारमा रहेको कैदी कुमार नेपाली र अर्को कैदी जाकीर हुसेनको खुट्टामा विरामी भएको हुदा नीज कुमार नेपाली र जाकीर हुसेनलाई २०६९ साल पौष ९ गतेका दिन विहान करिव ८ बजेको समयमा कारागार प्रमुख र अन्य तिनजना प्रहरी साथ काठमाडौ र धुलिखेल पुऱ्याएर आएका हौं ।

**जिल्ला कारागारमा रहेको कैदीहरुको भनाई, रसुवा**

कुमार नेपाली केहि दिनयता अलि वढी नै वाल्ने , वरवराउने , कपास खाने लगायतका असामान्य व्यवहारहरु गर्दै आएको थियो । न्यायधिसको अनुगमन पश्चात अली वढी नै असामान्य देखिएको थियो त्यस पछि उसलाई उपचारको लागी धुलीखेल पौष ९ गते प्रहरीहरुले लिएर गएका थिए । पौष १२ गते उसको मृत्युको अचानक खवरले हामीहरु सवैलाई दुःखी वनाएको छ ।

**<u>डा.रमेश कुमार खरेल</u> ( जिल्ला अस्पतालको चिकित्सकको भनाई) रसुवा**

काठमाण्डौमा केन्द्रिय कारागारमा लगभग २० बर्ष सेवा गरे । कैदी बन्दिको स्वास्थ्य उपचारमा बिताएँ । हालैमात्र म यस रसुवा जिल्लामा आईपुगेको हुँ । जेलहरुको संरचना एकदम कमजोर छ । चाप पनि बढी छ । यसमा राज्यले खासै चासो दिएको पनि हामीले पाएका छैनौ । जेलको मापदण्डको त कुरै नगरौ । यो कुमार नेपालीको बिषयमा पनि सबैजनाले जब उसको मृत्यूभयो त्यसपछि यसमा सोधखोज गर्दै छन । उसको मृत्यू हुँनुभन्दा अगाडी हामीकोमा उपचार गर्न ल्याएको थियो । मैले सुने अनुसार उसको मानसिक अवस्था अलि ठिक थिएन । उसको थप उपचारको लागी पनि मनोचिकित्सकलाई देखाउन भनि लगिएको रहेछ । धुलिखेलमा यस्तै मानसिक समस्या भएका कैदी बन्दिलाई राख्ने गरिन्छ । अनि मुडा बुन्ने मोटो सियोले हानेर मारेको हो रे भन्ने सुनेको छु ।

**<u>डा. प्रसन्न आचार्य</u> ( जिल्ला अस्पतालको चिकित्सकको भनाई) रसुवा**

कुमार नेपालीलाई यस अस्पतालमा यतिबेलै दुईपटक उपचार गर्न ल्याईएको रहेछ । अघिल्लो पटक मंसिर २० गते ल्याईएको थियो त्यो बेला म यहाँ थिईन । त्यो बेला सामान्य ग्याष्ट्रिक भएको भन्ने भएर सोही अनुसार औषधी दिएर पठाईएको रहेछ । त्यो बेला उसको पेट पोल्यो भन्ने कम्प्लेन रहेछ । पछाडी फेरी पुष ४ गते अर्को एकजना थुनुवा सहित कुमारलाई पनि ल्याईएको थियो । त्यो समयमा मैले नै कुमारलाई हेरेको थिएँ । उसको निद्रा नआउने र आँफूलाई के भएको छ थाहा नपाउने समस्या थियो । यसमा हामी Psychoatric नभएको कारणले बिशेषज्ञलाई नै देखाउन पर्छ भनि टिचिङ अस्पताल महाराजगंजमा रिफर गरको थिएँ । एउटा alphhazoram औषधी पनि दिएको थिएँ । यो सामान्य निद्रा लाग्ने औषधी हो सामान्यतया यो निद्रा नलाग्ने औषधी जसले पनि आँफै किनेर खान सक्छ ।

**<u>लाल बहादुर गुरुङ्गः प्रहरी हवल्दार, जिल्ला कारागार धुन्चे, रसुवा</u>**

यस रसुवा कारागारमा रहेको कैदी कुमार नेपाली मानसीक विरामी र अर्को कैदी जाकीर हुसेनको खुट्टामा विरामी भएको हुदा नीज कुमार नेपाली र जाकीर हुसेनलाई २०६९ साल पौष ९ गतेका दिन विहान करिव ८ बजेको समयमा कारागार प्रमुख र अन्य दुईजना प्रहरी साथ काठमाण्डौ र धुलिखेल पुऱ्याएर आएका हौं । धुन्चे काठमाडौको रुटमा चल्ने ना. १ ज. ३४२२ नं. को खैरो टाटासुमो भाडामा लिएर काठमाडौ हिडेकोमा नुवाकोट बन्द भएकोले गल्छीको बाटो हुदै काठमाडौ गईएको हो । बाटोमा जाँदा त्रीशुली काटेपछि एकपटक कुमार नेपाली रोएको थियो त्यसपश्चात उ चुपचाप नै बस्यो । बाटोमा एकपटक गाडीभित्र नै विस्कुट, पाउरोटी र पानी खायो खानाखान मानेन । हामीहरु करिव चारबजे तिर धुलिखेल पुगेका थियौ । जाकिर हुसेनलाई सेन्ट्रल जेलमा करिव १ बजे दिउसो र कुमार नेपालीलाई करिव ४ बजे धुलिखेल कारागारमा बुझाएर भोलिपल्ट रुटको बसमा हामी फर्केका हौं । तर २०६९ पौष ११ गते नीज कुमारको मृत्यू भयो भनि पौष १२ गते सुन्दा दुःख लाग्यो ।

**श्री ऋषीराम ढकालः जिल्ला प्रमुख अधिकारी, जिल्ला प्रशासन, कार्यलय काभ्रे**

श्री नेपाल भन्ने कुमार नेपालीलाई जिल्ला कारागार रसुवाले मानसिक रोगी भएको भनि २०६९ पौष ९ गते जिल्ला कारागार काभ्रेमा बुझाएको हो । उसलाई कारागारका तिन वटा ब्लकहरु मध्ये विचको ब्लकमा राखिएको थियो । सो ब्लकमा जम्मा ३१ जना मानसिक रोगी भएका कैदी एंव थुनुवालाई राखिएको थियो । सो मध्य अन्य दुई जना संग कुमार नेपाली लाई राखिएको थीयो । २०६९ पौष ११ गते राति अन्दाजी ८.३० वजे निज कुमार नेपालीको घटना भएको हो । तर मैले राति १०.३० वजे तिर मात्र थाहा पाएँ ।  तत्काल धुलिखेल अस्पताल लगिएकोमा अस्पतालले निजको मृत्यु भएको जानकारी गराएको थियो । मैले जेलर लाई सम्पर्क गर्दा जेलर भक्तपुरमा थिए सम्पर्क गर्दा पोस्टमार्टम गर्ने प्रकृया मिलाएको छु भने । ढोकामा ठोकीएर लडेर मरेको भनेर जेलको चौकीदारले हामीलाई खवर गरेका थिए । त्यस पछि घटनास्थल र लाशलाई सुरक्षीत राख्न लगाई भोली पल्ट विहान करिव ६.३० मा हामी निरिक्षणका लागी पुग्यौ । चौकीदारलाई सोध्दा कोठामा ढलेको अवस्थामा  पाइएको र अस्पताल लगिएको हो भन्ने जानकारी पाइयो । हामीले सल्लाह गरेर प्रहरी नायव उपरिक्षक श्री कृष्णजी अधिकारीको संयोजकत्वमा जेलर मातृका प्रसाद दाहाल र राष्ट्रिय अनुसन्धान अधिकारी निरन्जन घिमिरे सदस्य रहने गरी तिन सदस्य टोली गठन गरीएको छ । सो टोलीले सात दिन भित्रमा प्रतिवेदन पेश गर्न तोकिएको छ । त्यस पछि मृतकका परिवारलाई खवर गर्न रसुवा प्रहरी नायक उपरिक्षकलाई जानकारी गराईयो । तत्काल धुलिखेल अस्पताल लगिएता पनि पोष्टमार्टमका लागि शीर मेमोरियल अस्पताल बनेपा लगियो । तर लासलाई केहीदिन राख्नु पर्ने देखिएकोले पछि टिचिङ्ग अस्पताल महाराजगञ्जमा पठाइयो । शुरुमा सामान्य मृत्यु जस्तो लाग्यो त्यसकारण जेलमा भोलीपल्ट गएको हुँ । त्याहाको अवस्था बुझेपछि मैले गृहमन्त्रालयमा मौखिक तथा लिखित जानकारी गराई सो को विवरण  पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरियो । उक्त घटनाको शंकाको घेरामा निजसँगै बस्ने दुई जना हरि सापकोटा र कुमबहादुर कामीलाई राखिएको छ, जो ज्यान मुद्दाका कैदी हुन् ।

**श्री गीता उप्रेतीः (प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय काभ्रे)**

पहिले ड्याङ्ग आवाज चाहीँ सेन्ट्रिले सुनेर खबर गरेको हो । पछि ढोका खोलेर तत्काल धुलिखेल अस्पताल पुऱ्याउँदा अस्पतालले मृत घोषणा गरेको हो । म र सिडियो साप भोलीपल्ट विहान करीब साढे ६ बजेको समयमा जेलमा गएका हौं । जेलमा जम्मा ३ वटा सेक्सन छन्, जसमा ६१ जनाको क्षमता भएकोमा १६५ जना कैदीबन्दीलाई राखिएको छ । मानसिक रोगीलाई छुट्टै ब्लकमा राखिएको छ । सो मध्ये नीज मृतक कुमार नेपाली, हरि सापकोटा र कुमबहादुर कामीलाई एउटा कोठामा राखिएको थियो । वि.सं. २०६९ पौष १२ गते दिउँसो अन्दाजी १२ बजे शवलाई टिचिङ्ग हस्पिटल महाराजगञ्ज पठाइएको हो । कारण नखुलेको ज्यान भनेर जिल्ला प्रहरी कार्यालय काभ्रेमा मुद्दा दर्ता गरिएको छ । साथै घटनाको सत्य तथ्य छानबिनका लागि प्रहरी

नायव उपरिक्षक श्री कृष्णजी अधिकारीको संयोजकत्वमा जेलर मातृका प्रसाद दाहाल र राष्टिय अनुसन्धान अधिकारी निरन्जन घिमिरे सदस्य रहने गरी तिन सदस्य टोली गठन गरीएको छ । हालसम्म पोष्टमार्टमको रिपोर्ट आएको छैन । त्यसकारण यस विषयमा हामी केही भन्न सक्ने अवस्थामा छैनौं ।

निज मृतक कुमार नेपालीलाई धुलिखेल कारागार स्थित ब्लक नं. ख ४४ कोठा नम्बर २० अन्दाजी ४ ×७ को कोठामा अन्य दुई जना हरि सापकोटा र कुमबहादुर कामीलाई सँगै राखेको पाइयो ।

**<u>हरि सापकोटाः (घर तनहुँ, ज्यान मुद्दा सम्बन्धी अपराधमा कैदमा रहेका)</u>**

वि.सं.२०६३ जेठ १२ मा आमालाई खुकुरीले हानेर मारेकोले म जेल परेको हुँ । म यहाँ बसेको ३ वर्ष भयो । वि.सं.२०६१ फागुनदेखी मानसिक रोगको औषधी खाने गरेको छु । मलाई मुडा बुन्न आउँछ । एउटा मुडा बुने बापत रु.९० पाउने गरेको थिएँ । तर हाल मुडा बुनेको छैन । हाम्रो कोठा प्रत्येक दिन बेलुका साढे ५ बजेभित्रमा बाहिर ढोकामा चाबी लगाइ बन्द गरिदिने गरिएको छ । उक्त मिति वि.सं.२०६९ पौष ११ गते बेलुका अन्दाजी ६ बजेको समयमा निज मृतक कुमार नेपाली र मेरो बीचमा सामान्य झगडा भयो । मैले सम्झाउँदा बुझाउँदा र सुतौं भन्दा मानेन, उल्टै ढोकामा लात्तीले हान्यो । मैले हातमा समाएर ल्याउन खोज्दा उसले हात हाल्यो भन्ने ठानेर मलाई नाकमा हान्यो र मेरो नाकबाट रगत आयो । हामी एकअर्कामा झगडा र हानाहान गर्दा भित्र भएको बाल्टिन लड्यो, हामी भित्तामा ठोकियौं । मैले उसको कपाल समातेर तानें, उसले पनि मलाई तान्यो । सँगै बसेका कुमबहादुर कामीले हामीलाई छुट्याउन सकेनन् । बाहिरबाट पनि कोही आएनन् । हामी झगडा गर्दागर्दा थाकेर सुत्न लागेका थियौं मेरो नाकबाट पुनः एक्कासी रगत बग्यो त्यसपछि मलाई झनै रिस उठ्यो रगत पनि तातेर आयो । मैले मुडा बुन्दाको अवस्थामा एउटा फलामको सुइरो मेरो बिछ्यौना मुनी लुकाएर राखेको थिएँ, त्यही सुइरो निकालेर निज कुमार नेपालीको छातीमा एक्कासी हानें र गाडीको गेयर जस्तै गरी त्यो सुइरो हल्लाएँ । उ छटपटायो, केहीछिन पछि अर्कोपटक पनि छातीमा सोही सुइरोले हानें, तर त्यतिबेला चाहीं उ छट्पटाएन । त्यसपछि म जोडजोडले कराएँ । त्यो सुनेर चौकीदार दाई आए । सो समय लगभग रातको ९/१० बजेको थियो । मैले आफुसँगै बसेको साथीलाई आफ्नै हातले मारें, गल्ती भयो । यदि झगडा भएको बखत अन्य कसैले हामीलाई छुट्याइदिएको भए यस्तो अनर्थ हुने थिएन, तर कोही आएनन् । म जेलबाट छुट्न धेरै समय बाँकी थिएन तर मेरो नियति नै यस्तै रहेछ । गल्ती भएपछि कानुन बमोजिम सजाय त भोग्नैपर्छ होला ।

**<u>सुदिप तामाङ्ग बर्ष ३० घर साँगा नासिकोट वडा नं. ८ काभ्रेः</u>** (मृतक कुमार नेपाली बसेको कोठाको ठीक अगाडीको कोठामा बस्ने लागु औषधमा जेल सजाय भोगिरहेका कैदी)

हाम्रो कोठमा बेलुका करिव साढे पाँच बजे सम्ममा बाहिरबाट ताला लगाई सकिएको हुन्छ त्यसकारण २०६९ साल पौष ११ गते बेलुका म आफ्नै कोठामा नै थिएँ । बेलुका अन्दाजी ८:३० बजेको समयमा नीज मृतक समेत बस्ने कोठामा कोही कराएको जस्तो आवाज सुनेको थिएँ । केही समय पछि नीज कुमार नेपाली संगै बस्ने मुडे भन्ने हरि सापकोटाले गुहार गुहार मऱ्यो भनेर जोड जोडले चिच्याएको सुनेको हो तर कोठा बाहिर भने आईन । केही समय पछि चरण थापा दाई (मूल नाईके) र रित ब सापकोटा (चौकीदार) आएका थिए र कुमारलाई अस्पताल लगेका थिए । हरि सापकोटाले मारेको भन्ने सुनेको हो ।

**<u>शिवहरि दुलालः (निमित्त जेलर, धुलीखेल कारागार)</u>**

अफिसमा क्वाटर नभएको कारण जेलर मातृका प्रसाद दाहाल सर भक्तपुरमा बस्नु हुन्छ । २०६९पौष ११ गते बेलुका जेलमा कुमार नेपालीको घटना हुँदा उहाँ भक्तपुरमा नै हुनुहुन्थ्यो । भोलिपल्ट विहान अन्दाजी ६ बजे नै जेलमा आउनु भएको भन्ने थाहाँपाएको हो । साथै सिडीओ र एस. पी. सापहरु पनि उक्त दिन विहान नै घट्ना स्थलमा आउनु भएको थाहापाएको हुँ । मैले पनि उक्त घटना भोलपिल्ट विहान मात्र थाहा पाएको हो र म पनि विहान ८ बजे नै आईपुगेको थिएँ । छानविन समिति गठन भएको, डिआईजी यादव अधिकारी १३ गतेका दिन घट्ना स्थलमा आउनुभएको थाहा पाएँ तर त्यस पछि म ३ दिन विदामा बसेकोले उक्त समयमा अन्य को आयो गयो थाहा भएन ।

**घटनामा देखिएका तथ्यहरु**

१) सामान्य चोरीको घटनामा प्रहरी प्रशासन र जिल्ला सराकारी वकिल समेतले उमेर खुल्ने भरपर्दो आधार बिना नावालक माथि नकबजनी चोरी जस्तो गम्भिर प्रकृतिको मुद्दा चलाएको पाइयो ।

२) चोरीको अभियोगमा पक्राउ परेका नावालक श्रीनेपाल भन्ने कुमार नेपालीलाई जाहेरी दरखास्त दिने गोपीनाथ न्यौपानेले आफ्नो रु.३,८५५(अक्षरुपीः तीन हजार आठ सय पचपन्न रुपैयाँ) र आधा तोला सुनको तिलहरीसँगै एउटा साधारण क्यामेरा चोरी गरेको आरोप लगाएपनि प्रहरीले विभिन्न ५ वटा मुद्दा चलाएको पाइयो । जिल्ला प्रहरी कार्यालय रसुवाका तत्कालीन प्रमुख अच्युत पुडासैनीले वाल अधिकारको सवाललाई समेत वास्ता नगरि  दुरासययुक्त ढङ्गले मुद्दा चलाएको पाइयो ।

३) पुनरावेदन अदालत पाटनका माननीय न्यायधिश फणिन्द्र दत्त शर्माले कारागार अनुगमनको सिलसिलामा बन्दी कुमार नेपालीको अवस्था अस्वभाविक देखेपछि तत्काल उपचारको व्यवस्था गर्न कारागार प्रशासनलाई निर्देशन दिएको र त्यसैको आधारमा रसुवाबाट धुलिखेल कारागार चलान गरेको पाइयो ।

४) बन्दी कुमार नेपालीको प्रारम्भिक उपचार जिल्ला अस्पताल रसुवाका प्रमुख डा.रमेशकुमार खेरल र डा.प्रसन्न आचार्यले गरेको र उनीहरुले मानसिक रोग विशेषज्ञसँग उपचार गर्न सिफारिस गरेको आधारमा उनलाई रसुवा कारागारबाट धुलिखेल कारागार स्थानान्तरण गरिएको थियो । वि.सं.२०६९ पौष ९ गते रसुवा कारागारका जेलर सानु किसीको नेतृत्वमा ३ जना सुरक्षाकर्मी सहितको टोलीले बन्दी कुमार नेपालीलाई धुलिखेल र अर्का बन्दी जाकिर हुसेनलाई केन्द्रीय कारागार स्थानान्तरण गरिएको पाइयो ।

५) चोरीको अभियोगमा पक्राउ परेका कुमार नेपाली माथी मुद्दा चलाउँदा जिल्ला प्रहरी कार्यालय रसुवा र जिल्ला अदालत रसुवाले जाहेरी तथा साक्षी बकपत्र नगराएको सम्वन्धीत व्यक्तिहरुले बताए । कारागार स्थानान्तरण गर्दा सो को सूचनाबाट समेत परिवारलाई वन्चित गरिएको पाइयो ।

६) वि.सं.२०६९ पौष ९ गते साँझपख धुलिखेल कारागार पुऱ्याइएका बन्दी कुमार नेपालीलाई मानसिक सन्तुलन गुमाएका बन्दीहरु हरि सापकोटा र कुमबहादुर कामीसँगै साँघुरो कोठामा राखिएको पाइयो । सोही कोठामा बन्दी सापकोटा र नेपालीबीच सामान्य विवाद हुँदाहुँदै सापकोटाले नेपालीमाथी मुडा बुन्ने फलामको सुइरोले छातीमा प्रहार गरि हत्या गरेको पाइयो ।

७) चारैतर्फ सुरक्षा घेरा रहेको कारागारभित्र लामो समयसम्म दुई बन्दीबीच विवाद भई हत्या समेतको घटना हुँदा कारागार प्रशासन मुकदर्शक बनेको पाइयो । घटनाको लगत्तै कारागारको सुरक्षामा खटिएका प्रहरीले

तत्काल जिल्ला प्रहरी कार्यालय र प्रमुख जिल्ला अधिकारीलाई घटनाको जानकारी गराएपनि प्रमुख जिल्ला अधिकारी ऋषिराम ढकाल, जिल्ला प्रहरी प्रमुख गीता उप्रेती र जेलर मातृका दाहाल घटना भएको १० घण्टापछि मात्रै घटनास्थल कारागार पुगेको पाइयो ।

८) धुलीखेल कारागार प्रशासनले मृतक कुमार नेपाली लाई मानसिक उपचारका लागी ल्याईयतापनि सो सम्वन्धमा औषधी उपचारकोलागी कुनै प्रयास गरेको नदेखिएको ।

९) रसुवा प्रहरी प्रशासन र काभ्रे जिल्ला प्रहरी प्रशासनले घटनालाई गम्भीरतापूर्वक लिई पिडितजनलाई राहत, सहानुभुति प्रकट गर्ने न्यूनतम मानवीय समवेदनाको कार्य गरेको समेत पाईएन ।

**घटनाको निश्कर्ष**

चोरीको अभियोगमा जेल जीवन भोगिरहेका कुमार नेपालीलाई उपचार गरि जीवन रक्षाका लागि रसुवा कारागार प्रशासनले धुलिखेल कारागार चलान गरेपनि उपचारका लागि धुलिखेल(काभ्रे)ल्याइएका कुमार नेपालीले उपचार होइन प्रहरी सुरक्षा घेराभित्रै ज्यान गुमाउन विवश भएका छन् । कारागार प्रशासनको लापरबाहीका कारणले सुरक्षा घेरा भित्रै उनको मृत्यु भएको देखियो ।

१) धुलिखेल कारागार प्रशासन बन्दीहरुको जीवन रक्षाका लागि पूर्णतया गैरजिम्मेवार देखियो । नेपाल सरकारले समयमै उपयुक्त कदम नचाल्ने हो भने कुनैपनि बेला कुमार नेपालीको जस्तै पुनः अन्य घटना नदोहोरिएला भन्न सकिँदैन । मानसिक सन्तुलन गुमाएका बन्दीहरुलाई उनीहरुको अवस्थालाई ख्यालै नगरि एकै ठाउँमा भेडाबाख्रा जस्तै गरि राख्नु सरकार र जेल प्रशासनको गम्भीर लापरवाही एवं कमजोरी भएको देखिन्छ ।

२)जम्मा ६१ जना बन्दी राख्ने क्षमता भएको जिल्ला कारागार धुलिखेलमा हाल १६५ जना बन्दी र मृतक कुमार नेपाली लाई  राखिएको कोठामा एक जना मात्र वस्ने सक्ने स्थिती हुदा हुदै तिन जनालाई राखिएको छ । बन्दीको सुरक्षा, स्वास्थ्य उपचार जस्तो न्यूनतम आधारभुत कुराहरुमा पनि प्रशासनको ध्यान पुग्न सकेको देखिएन ।

३)कर्तव्य ज्यान मुद्दामा जेल जीवन भोगिरहेका कुमबहादुर कामी र हरि सापकोटासँगै २० नम्बर कोठामा राखिएका कुमार नेपालीलाई फलामको तिखो सुइरो छातीमा रोपी आफैले हत्या गरेको कुरा टोली समक्ष बन्दी सापकोटाले दिएको बयानबाट खुलेको छ । बन्दी सापकोटा र नेपालीबीच झडप भई मृत्युको अवस्था आउँदा समेत प्रशासन बेखबर हुनु गम्भीर सुरक्षा कमजोरी देखिन्छ ।

४)कारागारभित्र झडप भई बन्दीको मृत्यु भएको खबर आउँदा समेत काभ्रेका प्रमुख जिल्ला अधिकारी ऋषिराम ढकाल, जिल्ला प्रहरी प्रमुख गीता उप्रेती र जेलर मातृका दाहालले घटनालाई गम्भीरतापूर्वक लिइएको पाईएन । चारैतर्फ सुरक्षा घेरामा रहेको कारागारभित्र बन्दी कुमार नेपालीको जघन्य हत्या भएको १० घण्टापछि मात्रै

जिल्लाका सुरक्षा अधिकारीहरु घटनास्थल कारागारमा प्रवेश गरेको पाइयो । यसबाट पनि उनीहरु घटना र आफ्नो जिम्मेवारीप्रति कति गम्भीर छन् भन्ने पुष्टि हुन्छ ।

५)राजधानी नजिकै रहेको कारागारभित्र बन्दी बन्दीबीच विवाद भइ बन्दीको हत्या हुनेसम्मको जघन्य अपराध हुँदा प्रहरी प्रधान कार्यालय, गृह मन्त्रालय हप्तौँसम्म मौन रहि रहनु आफैमा अर्को आश्चर्यजनक अवस्था हो र जनताप्रतिको गम्भीर उदासिनता हो । यसतर्फ सरकारको ध्यानाकर्षण हुनु आवश्यक छ ।

## <u>सरोकार पक्षहरुलाई सुझाव तथा सिफारिस</u>

धुलिखेल कारागारभित्र कुमार नेपालीको मृत्यु हुनु प्रशासनको गम्भीर लापरबाही हो भन्ने कुरा प्रष्ट छ । तसर्थ यस्ता प्रकारका घटना फेरी सोही ठाउँ लगायत अन्यत्र नदोहोरिउन भन्नका लागि नेपाल सरकारले तत्काल धुलिखेल कारागार लगायत अन्य कारागारहरुको सुरक्षा व्यवस्था र बन्दीहरुको खानपान, बसोबास, स्वास्थ्य उपचार लगायतका समस्याहरुको सम्बन्धमा तत्काल अध्ययन गरि आवश्यक सुधार र परिमार्जन गर्न आवश्यक छ ।

विभिन्न अधिकारीको भनाईमा मानसिक रोगीहरुलाई धुलीखेलमानै राख्नुपर्ने कुनै तथ्ययुक्त बैज्ञानिक कारण नभएतापनि प्रचलन मुताविक ल्याईने गरेको भन्ने जानकारी हुन आएको हुदा त्यसको तथ्ययुक्त बैज्ञानिक आधार गृह प्रशासनवाट सार्वजनिक गर्नु पर्ने देखिन्छ । त्यस्ता बन्दीलाई राख्दा आवश्यक पर्ने भौतिक एवं प्राविधिक व्यवस्थापन समेत तत्काल गर्नु पर्ने देखिन्छ ।

१) बन्दी जीवन बिताइरहेका रसुवा जिल्ला धैबुङ्ग गा.वि.स.१ का कुमार नेपालीको मृत्यु धुलिखेल कारागार प्रशासनको लापरबाहीका कारणले भएको हुँदा निजको परिवारलाई तत्काल राहत तथा क्षतिपूर्ति बापत नेपाल सरकारका तर्फबाट रु.१०,००,०००(अक्षरुपी: दश लाख रुपैयाँ)उपलब्ध गराउनुपर्ने ।

२) घटनामा संलग्न दोषीहरुलाई कानुनसम्मत कारबाही गरीनुपर्ने ।

३) कारागार प्रशासनको लापरबाहीका कारणले कुमार नेपालीको मृत्यु भएको हुँदा कारागार प्रशासकमाथी पनि आवश्यक विभागीय कारबाही गर्नुपर्ने ।

४) नावालक कुमार नेपालीलाई सामान्य घटनामा उमेर बढाई अपराध भन्दा बढी सजाय हुने गरि मुद्दा चलाउने रसुवाका तत्कालीन प्रहरी प्रमुख अच्युतराज पुडासैनी सहित संलग्न अधिकारीहरुको भूमिका छानबिन गरि कारबाही गरीनुपर्ने ।

५) हत्यामा संलग्न भनिएका हरि सापकोटाले मुडा बुन्न प्रयोग गरिएको अं ६ ईन्च लामो फलामको सुईरो प्रयोग गरि छातिमा दुईठाउ प्रहार गरि हत्या गरेको स्वीकार गरेका भएता पनि मृतकले लगाएको कपडामा रगत नदेखिनु शंकास्पद देखिन्छ तसर्थ सुईरोले रोपेर हत्या गर्दा रगत नदेखिनु के कारणले हो यस अध्ययन टोलीको बिशेषज्ञताले खुट्याउन नसकेको कारण सम्बन्धित विशेषज्ञबाट राय लिई निराकरण गर्नुपर्ने देखिन्छ ।

धन्यवाद

# अनुसुची



प्रमुख जिल्ला अधिकारी संग कुरा गर्दे अध्ययन टोलीका सदस्यहरु



धुलीखेल कारागार भित्र कुमार नेपालीको हत्या गर्ने हरी सापकोटा संग सोधपुछ गर्दै अध्ययन टोलीसदस्यहरु



कुमार नेपालीको हत्याको लागी  प्रयोग भएको फलामको सुईरो



मृतक कुमार नेपालीको घरमा घरका सदस्यहरु सग सोधपुछ गर्दै अध्ययन टोलीका सदस्यहरु



मृतकका काका सग सोधपुछ गर्दै अध्ययन टोली सदस्य



चोरी मुद्धाका जाहेरवाला गोपी प्रसाद न्यौपाने सग सग सोधपुछ गर्दै अध्ययन टोलीका सदस्यहरु

०६८।८।१८ जनदिशा

# दलित समुदायको संयुक्त चेतावनी

■ जनदिशा संवाददाता

रसुवा, १७ पुस

सर्वपक्षीय दलित समुदायले कारागारमा थुनामा रहेका रसुवाका कुमार नेपालीको मृत्यु सम्बन्धमा राज्यले यथाशीघ्र सत्यतथ्य छानबिन गरि न्यायिक प्रक्रियामा अगाडी नबढे कडा आन्दोलन थाल्ने चेतावनी दिएको छ।

प्रधानमन्त्रीलाई भेटेर घटनाप्रति ध्यानाकर्षण गराएको समुदायले राजधानीमा पत्रकार सम्मेलन गरि यस्तो चेतावनी दिएको हो।

घटनाको यथाशीघ्र सत्यतथ्य छानबिन गरि दोषीमाथि कडा कारबाही र पीडितलाई राहतको व्यवस्था नगरिए सम्पूर्ण दलित समुदाय सडकमा उत्रिएर नेपाल बन्दसम्मका कार्यक्रम अगाडि बढाउने नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चाका संयोजक रणेन्द्र बरालीले बताए।

कारागार भित्रै मृत्यु हुनु र शवको छातीमा दुई वटा प्वाल देखिनुले पनि घटना रहस्मय भएको दतिल समुदायको दावी छ। राज्यले घटनाको सत्य तथ्य सार्वजनिक नगरेसम्म शव नबुझ्ने नेपाल दलित संघका अध्यक्ष खड्गबहादुर बस्यालले वताए। अहिले नेपालीको शव शिक्षण अस्पतालको शव गृहमा राखिएको छ।

सर्वपक्षीय दलित समुदायले पत्रकार सम्मेलनमार्फत घटनाको निष्पक्ष छानबिनका लागी उच्चस्तरीय समिति गठन गरिनुपर्ने, घटनामा संलग्न दोषीलाई कडा कारबाही गरिनुपर्ने, पीडित परिवारलाई तत्काल राहत तथा क्षतिपूर्ति उपलब्ध गराईनुपर्ने र दलित समुदायमाथि श्रृखलाबद्ध भएका घटनाहरू बन्द गरिनुपर्ने ४ बुँदे माग अघि सारेको छ।

घटनाको छानबिनका लागि सर्वपक्षीय दलित समुदायको तर्फबाट पनि विनोद पहाडीको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरिएको छ। समितिले काम आगाडी वढाइसकेको नेपाल दलित संघकी विमला नेपालीले जानकारी दिइन्। दलित अधिकारसँग सम्बन्धित एक दर्जन संघ संगठनहरूका पदाधिकारीहरूद्वारा संयुक्त रूपमा हस्ताक्षरित विज्ञप्तिमा तत्काल माग पुरा नभए नेपाल वन्द गर्ने सम्मको चेतावनी दिइएको छ।

रसुवाको धैवुङ्ग गाविस वडा नं १ का कुमार नेपालीको यही पौष ११ गते काभ्रेको कारागार भित्रै मृत्यु भएको भन्दै प्रहरीले मृतकका परिवारलाई जानकारी गराएको थियो। प्रहरीले कारागार भित्रै रहेका कैदीहरूबीच कुटाकुट भएर नेपालीको मृत्यु भएको बताएपनि मृतकका परिवारले भने प्रहरीकै मिलेमतोमा हत्या भएको आशंका गरेको छ।

